# जनअधिकारका लागि सूचनाको हक

– विनयकुमार कसजू

पुरेतहरुले जुन मन्त्र पढेर तपाईंले दिएको बस्तु वा पैसा परलोकबासीकहाँ पुर्‍याइदिने वाचा गर्छ त्यो मन्त्र उसले किन तपाईंले नबुझ्ने भाषामा पढ्छ ? आदिकवि भानुभक्तले सबैले बुझ्ने नेपाली भाषामा साजिलैसँग गाउन मिल्ने गरी रामायण उल्था गर्दा त्यस बेलाका पण्डितहरु किन रिसले आगो भए ? नारी र शूद्रले शास्त्र पढ्न हुँदैन भनेर किन रोक लगाए ? सोझासिधा मानिसहरुलाई अज्ञानको अँध्यारोमा राखेर, रहस्यको भुमरीमा अल्मल्याएर, झुक्याएर आफ्नो दुनो सोझ्याउने उपाय सबै समाजमा, सबै धर्ममा टाठाबाठाहरुले गर्दै आइरहेका छन् । नेपाली शासक र पुरेत वर्गको मिलिमतोमा वर्षौंसम्म चलेको सामन्ती सत्ता टिकाउने एउटा बलियो उपाय यही जनतालाई अज्ञानताको भुँवरीमा अल्मल्याउने नै थियो । यसबारे अहिले बल्ल हामी सचेत हुन थालेका छौं ।

तपाईंलाई दिनदिनै नभई नहुने मट्टीतेल, दाल चामल, तरकारीको भाउ किन बढ्छ ? तपाईंको जग्गाको तिरो बुझाउने, नामसारी गर्ने, जग्गा पास गर्ने, नाागरिकताको प्रमाणपत्र, राहदानी लिने जस्ता काममा कर्मचारीहरुले किन अल्मल्याउँछन् ? कार्यालयहरुमा पैसा नख्वाई काम किन हुँदैन ? सरकारी कार्यालय, गैरसरकारी संस्था, विद्यालय, अस्पताल वा जनताको सेवा गर्न भनी खोलिएका कुनै पनि संस्थामा कति बजेट आउँछ, कसरी खर्च हुन्छ भन्ने कुरा तपाईंले जान्न पाउने कि नपाउने ? सरकारले तपाईंको टोल, गाउँ वा जिल्लामा खर्च गर्न भनेर छुट्याएको बजेट केके काममा कसरी खर्च भयो भनेर तपाईंले जान्न किन नपाउने ?

नेपालमा जनताले धेरै पटक आन्दोलन गरेर लोकतन्त्र ल्याउने प्रयास गरेपनि माथि सोधिएका प्रश्नहरुको जवाफ पाउने अधिकार जनतासँग थिएन । सरकारका सबै निर्णय र काम कार्वाही गोप्य हुन्छ, सबैलाई थाहा दिनु हुँदैन भन्ने आमधारणा अहिले पनि छ । यसैको आडमा गाउँदेखि सिंहदरबारसम्म भ्रष्टाचार मौलाइरहेको छ । पाँचपाँच वर्षमा हुने चुनावमा प्रतिनिधि छान्ने अधिकारलाई नै प्रजातान्त्रिक अधिकार ठानेर जनताले सन्तोष गर्नु परेको छ ।

साउन ५ गने सूचनाको हक ऐन २०६४ मा सभामुखले सहीछाप लाएपछि त्यसको तीस दिन अर्थात् भदौ ५ गतेदेखि गोपनीयताको लामोपरम्पराको अन्त्य हुँदैछ र वास्तवमा जनता मालिक हुने अवस्था आउँदैछ । अब राज्यका तीनै अंग र ती अन्तर्गतका सिंहदरबारदेखि गाउँसम्मका निकायहरु, सरकारको सहायताले चल्ने सबै खालका संस्थाहरु, जनताको सेवा गर्न भनी गठन भएका गैरसरकारी संस्थाहरु, आमजनतासँग सरोकार राख्ने अस्पताल, औषधी उत्पादकहरु, व्यापारिक प्रतिष्ठानहरुले पनि नियमित रुपमा आफूले गर्ने काम, आफूले खर्च गर्ने बजेट, बजेट खर्चहुने शीर्षक, कर्मचारीहरुको तलब आदिका बारेमा नियमित रुपमा सार्वजनिक रुपले बताउनुपर्ने, प्रकाशन गर्नु पर्ने वाध्यता छ । साथै कुनै पनि नेपाली नागरिकले आफूसँग सरोकारका विषयमा सरोकारवाला कार्यालय, संस्था, निकायसँग सूचना लिन पाउँछ । त्यस्तो सूचना नदिने सम्बन्धित पदाधिकारीले तोकिएको म्यादभित्र सूचना दिएन भने उसको तलबबाट दिनको दुई सय रुपैयाँका दरले काट्ने व्यवस्था सूचनाको हक ऐनले दिएको छ ।

जनप्रतिनिधिमूलक शासन व्यवस्था सबैभन्दा बढी लोकतान्त्रिक भएता पनि अहिलेसम्मको अभ्यासमा यसका विभिन्न कमी कमजोरीहरु देखा परेका छन् । निर्वाचित विधायिका, विधायिकाप्रति उत्तरदायी कार्यपालिका र स्वतन्त्र न्यायालय, अनि ती तीनै अंगलाई निगरानी गर्ने स्वतन्त्र प्रेस हुँदैमा लोकतान्त्रिक व्यवस्था दिगो र प्रभावकारी हुने रहेनछ भन्ने कुरा कतिपय देशका घटनाले स्पष्ट पारेको छ । लोकतान्त्रिक व्यवस्थालाई जनउत्तरदायी र प्रभावकारी बनाउनका लागि शासनमा जनताको प्रत्यक्ष र नियमित सहभागिता आवश्यक हुँदो रहेछ । यसका लागि सूचनाको हक अपरिहार्य हुन्छ ।

लोकतन्त्र जनताको मतको आधारमा चल्छ । सही जनमत बनाउनका लागि जनताले सही सूचना पाउनुपर्छ । अभिव्यक्ति स्वतन्तता र स्वतन्त्र प्रेसले जनमत निर्माण गर्छ । यसैले अभिव्यक्ति

स्वतन्त्रता र स्वतन्त्र प्रेस बिनाको लोकतन्त्रको कल्पना पनि गर्न सकिन्न । त्यस्तै राज्यका तीन अंग - विधायिका, कार्यपालिका र न्यायपालिका – को निगरानी गर्ने र तिनीहरुलाई उत्तरदायी बनाउने काममा प्रेसले महत्वपूर्ण भूमिका खेल्ने हुनाले प्रेसलाई चौथो अंग पनि भनिएको हो । प्रेसले यो काम आमजनतालाई सूचित गरेर पूरा गर्छ ।

तर जनताको सुसूचित हुने अधिकारको कार्यान्वयन प्रेसले मात्रै पूरा गर्न सक्तैन । प्रेस सार्वजनिक हित वा सार्वजनिक चासोका क्षेत्रभन्दा बाहिर जान सक्तैन । प्रेसका आफ्नै व्यावसायिक सीमा र आचार संहिता हुन्छन् । तर सूचनाको हक ऐनले व्यक्तिव्यक्तिको हक हित रक्षा गर्नु पर्ने हुन्छ । उदाहरणका लागि भारतमा सन् २००५ मा सूचनाको अधिकार कानुन लागू भएपछि त्यहाँका आममानिसले कुनै पनि सरकारी वा गैरसरकारी संस्थाको कार्यालयमा आफूले रासन कार्ड, पेन्सन कार्ड बनाउने, क्षतिपूर्ति पाउने लगायत कुनै पनि सार्वजनि निकायबाट गरिने व्यक्तिगत कामको लागि दिएको निवेदनमाथि यथा समयमा कार्वाही भएन भने उसले सूचनाको अधिकार कानुन प्रयोग गरेर संबंधित निकायबाट निम्नलिखित कुरा जान्न पाउँछ :

१) मेरो निवोदनमाथि विभाग वा कार्यालयले के कार्वाही गर्‍यो ? त्यसको दैनिक प्रगति विवरण पाउँ । २) निवेदनमाथि कार्वाहीको क्रममा मेरो निवेदन कुनकुन मितिमा कुनकुन अधिकृत वा कर्मचारीसँग थियो ? कसले के कार्वाही गर्‍यो ? ३) नियमअनुसार अधिकतम कति दिनभित्र काम पूरा हुन पर्ने थियो ? ४) विभागको नियम उल्लंघन गरेको आरोपमा अधिकारी वा कर्मचारीमाथि के कार्वाही गरिन्छ ? ५) अब कति दिनमा काम हुन्छ ?

सूचना अधिकार कानुन अनुसार, यदि तीस दिनभित्र जवाफ दिइएन भने संबंधित कर्मचारीको तलबबाट प्रतिदिन २५० रुपैयाँ काटिन्छ ।

सूचनाको हकसम्बन्धी कानुन सार्वजनिक सूचनामा मात्रै होइन व्यक्तिगत सूचनामा पनि लागू हुन्छ । पासपोर्ट बनाउने काम देखि लिएर सडक किन बढारिएन, धारामा किन पानी आएन, ठकेदारले किन राम्रो काम गरेन, सडकको पीच किन उप्क्यो, सरकारी बजेट कहाँ कसरी खर्च भयो, ठेक्का कसरी दिइयो, सांसदले आफ्नो क्षेत्रमा बजेट कसरी बाँड्यो जस्ता जनताका दैनिक जीवनका सरोकारका सूचनाहरुसँग यसको सम्बन्ध छ ।

यो कानुन लागू भएपछि भारतका जनताले देशको मालिक आफू भएको अनुभव गर्न थालेका छन् भने कर्मचारीतन्त्रले त्यो कानुन संशोधन गर्न नेताहरुमाथि दवाब दिइरहेका छन् । तर त्यहाँको नागरिक समाजले दरोसँग कानुनको पक्षमा जनआवाज उठाइरहकाछन् किनकि यो कानुन लागू गराउनका लागि त्यहाँको प्रेसभन्दा पनि नागरिक समाजले धेरै लामो संघर्ष गर्नु परेको थियो । भारत स्वतन्त्र भएको ५८ वर्ष पछि र गणतन्त्र भएको ५५ वर्षपछि मात्रै भारतमा सूचनाको अधिकार कानुन लागू हुनसक्यो । यति ढिलो हुनुमा त्यहाँ ब्रिटिस शासनकालदेखि शासन गर्दै आएको बलियो कर्मचारीतन्त्र (ब्युरोक्रेसी) नै प्रमुख बाधक बनेको थियो ।

हुनत नेपाली जनताले २०४७ सालको संविधानमै यो हक पाएको हो । तर ऐन नियम नबनेको हुँदा यो हक लंकाको सुनजस्तो अवस्थामा थियो । ऐन बनाउनका लागि पत्रकारहरुले झण्डै दश वर्षसम्म प्रयास गरे । यसबीच कार्यदलहरु गठन भए । धेरै विधेयक मस्यौदा भए । धेरै पटक तुहिए । पछिल्लो पटक, अन्तरिम संविधान लागू भएपछि पनि त्रुटिपूर्ण विधेयक नै संसदमा पेश गरिएको थियो । सूचनाको हक सम्बन्धी सर्वस्वीकृत सिद्धान्तहरुलाई नै विधेयकबाट गायब पारिएको थियो । सूचनादाताको संरक्षण गर्ने महत्वपूर्ण बुँदा पनि परेको थिएन । सूचना दिन नपर्ने मनोगत कारणहरु राखिएका थिए । यो सबैको पछाडि परम्परागत, गोपनीयताको आधारमा चल्ने अपारदर्शी बनेर काम गर्न चाहने व्युरोक्रेसीकै हात थियो । अहिले आएको ऐन पनि त्रुटिरहित छैन । तैपनि जुन रुपमा आएको

छ त्यसले पनि जनतालाई जेजति सूचनाको हक दिएको छ त्यसलाई लोकतन्त्रको ठूलो उपलब्धि मान्नु पर्छ ।

तर ऐन बन्दैमा लागू हुन्छ र जनताले अधिकार पाउँछन् भनेर ढुक्क हुनसकिन्न । सांसद-विधायकहरुले ऐन बनाएर आफ्नो महत्वपूर्ण जिम्मेवारी पूरा गरे । अब यसलाई जनतामा पुर्‍याउने, जनतालाई यसको महत्व बोध गराउने र यो ऐनले हामीलाई अधिकारसम्पन्न गराउँछ भन्ने विश्वास दिलाउने काम बाकी छ । यो कामको अगुवाई निश्चय नै पत्रकार र नागरिक समाजले लिनुपर्छ । तर किन हो किन, नागरिकको हित र अधिकारको लागि अग्रपंक्तिमा रहेर काम गर्ने संघसंस्थाहरुले यो ऐनलाई उत्साहपूर्वक लिएको देखिएको छैन । असल शासन र पारदर्शिताको वकालत गर्नेहरु यो काममा अगाडि सर्नुपर्ने होइन र ?

सत्ता र शासक फेर्न बरु सजिलो हुने रहेछ प्रशासन र कर्मचारीतन्त्र फेर्न गाह्रो हुने रहेछ । चार पटक जनआन्दोलन भएर चार प्रकारका शासन व्यवस्था फ्याँकिए पनि नेपालको राज्य संचालन व्यवस्था र संयन्त्र परम्पराबादी र अपारदर्शी छ । आफूलाई मालिक र जनतालाई रैती ठान्ने राणाकालीन सोच अझै पनि विद्यमान छ । यसैले सूचनाको हकको कानुन यदि सही रुपमा लागू भयो भने यसले सबैभन्दा पहिले अपारदर्शी ब्युरोक्रेसीलाई प्रहार गर्छ । त्यसलाई लोकतान्त्रिक बन्न बाध्य पार्छ । साथै शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । भ्रष्टाचारको महाजालबाट समाजलाई जोगाउन यो सार्थक उपाय हो ।

सूचनाको हकको कानुनले देशलाई लोकतन्त्रको बलियो आधार दिनसक्छ । सामन्तवादी शासनको हतियार बनेको गोप्यतालाई यसले चिर्न सक्छ । सरकारी कामको गोपनीयताको नाममा मौलाएको भ्रष्टाचारको जालोलाई यसले च्यात्न सक्छ । प्रतिनिधिमूलक संसदीय शासनमा, जहाँ जनताको अधिकार भोट खसाल्ने काममा सीमित हुन पुग्छ, सूचनाको हकले लोकतन्त्रमा जनताको भूमिका र सहभागिता बढाउनसक्छ । जनप्रतिनिधि र नेताहरुलाई निरंकूश बन्नबाट जोगाउन सक्छ । सरकार र शासकहरुलाई जनताप्रति उत्तरदायी बनाएर यसले लोकतान्त्रिक गणतन्त्रलाई व्यवहारमा लागू महत्वपूर्ण भूमिका खेल्न सक्छ । समावेशी लोकतन्त्र, सामाजिक न्यायलाई व्यवहारमा उतार्न सघाउनसक्छ । वास्तवमा सूचनाको हकबिना जनताका अरु अधिकारहरु अधुरा हुन्छन् । यसैले ठूला कुरामा अल्मलिनुभन्दा जनतालाई शक्तिसम्पन्न बनाउने सूचनाको हकलाई पूर्णता दिनु अति आवश्यक छ ।

धन्यवाद ।

गोरखापत्र दैनिक, २०६४ साउन २६ गते प्रकाशित ।